# नेपालको सन्दर्भमा बालश्रम र बाल अधिकार

प्रवीण सुवेदी
एल्.एल्.बी दोस्रो वर्ष

## १.१ पृष्ठभूमी

बाटोमा हेर्न जानुभयो भने देख्नु हुन्छ, टेम्पोको पछाडी एउटा कोमल बालक ठ्याङ-ठ्याङ गर्दै टेम्पो रोक्ने र कुदाउने इसारा गरिरहेको हुन्छ । त्यसैगरि दिउँसोको रापिलो घाममा एउटा बालिका देखिन्छिन जसले आफ्नो शरिर पनि पुरै ढाक्ने लुगा लगाउन पाएकी छैनन् । उनी बाटोमा छरिएका पलास्टिक टिप्न मै व्यवस्थ छिन् । उनीहरुलाई के थाहा बाल अधिकार भनेको के हो र बाल श्रम भनेको के हो ? उनीहरु त केबल आफ्नो भोक मेटाउन श्रम गर्दछ । उनीहरुलाई कसले खान दिन्छ यदी उनीहरु श्रमिक भएर काम गरेनन् भने ? टेम्पोमा खलासी भएको बालकको उद्देश्य ठूलो गाडिको खलासि हुने हुन्छ, उसलाई पढ्न जान मन त हुन्छ तर उसको बाध्यताले त्यो इच्छा साँघुरो बनाइदिन्छ । यी बालक त्यो देशका बालक हुन् जुन संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो र बाल अधिकार सम्बन्धी महासन्धी पनि अनुमोदन गरिसकेको छ । यस्तो स्थितिमा सरकार को भूमीक के हो त ? जसरी अरु विद्यार्थी विद्यालय गएर आफ्नो जीवन अघि बढाउन सकिरहेका छन् के सरकारले यी बालबालिकालाई स्कुल पठाउनु सरकारको कर्तव्य होइन त ? अन्य बालबालिकाको पो अभिभावक सक्षम छन् र पढ्न जान पाएका हुन्छन् यी सहाराबिहिन र विपन्न बालिबालिकाको सहाराको रुपमा सरकार आएन भने को आउँछ त ? के सरकारको दायित्व छैन ती सहाराबिहिन बालबालिकालाई सहारा दिन ? के सरकार त्यसरी दश वर्षको बालक टेम्पोमा खलासी भएको र ११ वर्षे बालिका आफ्नो अस्मिता खतरामा राखेर पलास्टिक उठाँदै गरेको हेरेर बस्छ त ? यदि त्यसरी हेरेर बस्ने हो भने किन ती अन्तर्राष्ट्रिय मापदण्डमा हस्ताक्षर र अनुमोदन गऱ्यो त ? नेपालमा बालबालिकाको हित मा दुई राष्ट्रिय कानुन पनि नबनेको होइन तर खै त ती कानुनको कार्यान्वयन ? यी सबै कुरा एकदम हास्यास्पद रहेको छ । यसरी सरसर्ती हेर्दा, नेपालले बालबालिकाको हक र अधिकार सम्बर्द्धन गर्न चुकेको देखिन्छ र बालश्रम जहाँ तहीँ छ तर निकाय मौन रहेको देखिन्छ । बाल अधिकारलाई चिनेको छैन नेपालको सरकार ले, न त आफ्नो दयित्व चिनेको छ ।

## २.१ बाल अधिकार : चिनारी

बाल अधिकार भन्नाले बाल बालिकाले जन्मिएदेखि निश्चित उमेर सम्म पाउने आधारभूत अधिकार हो जुन राष्ट्रले प्रदान गरेको हुन्छ र अन्तर्राष्ट्रिय रुपमा पनि धैरै संयन्त्रहरुले बाल-बालिकाको अधिकारको संरक्षण गरेको हुन्छ । बालबालिका भनेका को हुन भन्ने कुराको व्याख्या नै धैरै प्रकारका रहेका छन् । अन्तर्राष्ट्रिय महासन्धिको रुपमा रहेको बाल बालिका सम्बन्धि महासन्धीले बाल-बालिका भनेर १८ वर्ष मुनिको व्यक्तिलाई भनेको छ भने, नेपालको सन्दर्भमा बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालक भनेर १६ वर्ष उमेर पुरा नगरेका बालबालिकालाई जनाएको छ । बाल अधिकार भनेको बालबालिकालाई दिइएको त्यस्तो अधिकार हो जसले बालबालिकाको सर्वाङ्ग हित र संरक्षणको लागि जीवन, विकास, संरक्षण र सहभागिता जस्ता आधारभूत हकहरुको प्रत्याभूति गरेको छ । बालबालिकालाई बालबालिका सम्बन्धि महासन्धीले दिएको अधिकारले बालबालिकाहरुको सर्वोत्तम हित र व्यक्तित्व विकासको बाटो खुलेको छ । बालबालिकाहरु समाजमा अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेका समूह भएको ले उनीहरुलाई विशेष संरक्षणको आवश्यकता पर्दछ । बालअधिकार भन्नाले साधारणतया त्यस अधिकार ले बालबालिकाको सर्वोत्तम हित, दीर्घ जीवन र विकास, भेदभाव रहितता र सहभागिताको सुनिश्चितता गर्छ भन्ने बुझिन्छ । बाल अधिकार महासन्धीको धारा ६२) अनुसार राज्यले बालबालिकाको जीवन र विकासकोलागि उपयुक्त र उचित उपायहरु उपायहरु अपनाई कार्य गर्नु पर्दछ । राज्यले भातृ र बाल मृत्युलाई रोक्न, स्वास्थ्य सेवा र हेरचाहको सुविधा, पौष्टिक खाना र सफा पिउने पानी सुविधा उपलब्ध गराउनु पर्दछ । बालबालिकालाई भेदभाव रहित वातावरण दिइनु पर्छ र त्यस्तो वातावरण पाउनु बालबालिकाको अधिकार हो । बालबालिकालाई जात, जाती, धर्म, भाषा, लिङ्ग, रङ्ग, राजनैतिक आस्था वा विचार को आधारमा भेदभाव गर्नु बालअधिकारको हनन हुन्छ । बाल सहभागिता भन्नाले बालबालिकासँग सरोकार राख्ने विषयमा सहभागिताको अधिकार प्रदान गरिएको छ । यसरी हेर्दा बाल अधिकार भन्नाले बालबालिकाले पर्याप्त जीवनस्तर सहितको जिउने अधिकार, स्वास्थ्यको अधिकार, हेरचाहको अधिकार, विकासको अधिकार, सूचनाको अधिकार, शिक्षाको अधिकार, आराम, मनोरञ्जनको अधिकार, अशंक्त बालबालिकाको अधिकार, परिचय र राष्ट्रियताको अधिकार, यौन तथा श्रम शोषण विरुद्धको

अधिकार, बाल स्याहारको वैकल्पिक उयायको अधिकार, अभिव्यक्तिको अधिकार, धार्मिक स्वतन्त्रता जस्ता अन्य थुप्रै अधिकार भन्ने बुझिन्छ। यस्ता अधिकारहरु राष्ट्रले आफ्नो नीति अनुसार दिएको हुन्छ।

२.२ बाल श्रम : चिनारी

बालश्रम भनेको त्यस्तो श्रम हो जुन बालबालिकाहरुले गर्न नसक्ने र त्यस्तो गरेमा बालबालिकाको स्वास्थ्य, शिक्षा, मानसिकतामा घात पुग्छ । बालश्रमिकको उमेर कति हो र कति बाहेकका व्यक्तिलाई मात्र काममा लगाउन हुन्छ भन्ने व्यवस्था सो देशको कानुनले निर्धारण गरेको हुन्छ। देशको कानुनको अलावा बाल श्रमिकको उमेर अन्तर्राष्ट्रिय मापदण्डहरुमा पनि तोकिएको हुन्छ। बालबालिका भनेका त सुन्दर कोपिला हुन् जसले फक्रेपछि वातावरणलाई मनमोहक र सुवासमय बनाउँछन्, बालबालिका त राष्ट्रका भविष्य हुन्, समाजका ती अङ्ग हुन् जसका अभावमा पूर्ण जीवनको कल्पना गर्न सकिँदैन, समाजको संरचना पूरा हुन सक्तैन । तर किन यी नै बालबालिकाहरु कठिनतम अवस्थामा बाँच्न बाध्य छन् ?
नेपाल लगायत संसारका विभिन्न भागमा बालश्रम एक जटिल समस्याको रुपमा खडा भएको छ। १९९६ मा आई.एल.ओ को अनुमान अनुसार करिब २५ करोड ५-१५ वर्ष सम्म उमेर पुगेका बालबालिकाले पूर्ण वा आंशिक रुपमा बाल श्रम गरिरहेको भन्ने देखाएको पाइन्छ। जसमध्ये ५० प्रतिशत भन्दा माथि एशियामा रहेका छन्।

२.३ कानुनी व्यवस्था
२.३.१ अन्तर्राष्ट्रिय मापदण्ड

बालश्रमको अन्त्य र कम गर्न विभिन्न अन्तर्राष्ट्रिय कानुनहरुको अबलम्बन गरिएको छ। बालबालिकाको लागि भनेर छुट्टै महासन्धि पनि छ । जसले पनि बालबालिका माथि हुने दुर्व्यवहार र शोषणको नियन्त्रण गर्दछ । बालअधिकार सम्बन्धि महासन्धी बालबालिकाहरु प्रति दृष्टिकोणमा भएको परिवर्तनको केन्द्रविन्दु भएको छ । विश्वव्यापी रुपमा अनुमोदन हुन लागेको यस महासन्धीले कानुनहरु, नीतिहरु, संस्थाहरु र व्यवहार मा व्यापक परिवर्तन गर्नको लागि मार्ग प्रदान गरेको छ । बाल अधिकार सम्बन्धी महासन्धीका रुपमा व्यक्त भएको दृढ विश्वास १९९०, २ सेप्टेम्बर का दिन संयुक्त राष्ट्र संघको साधारण सभाबाट स्वीकृत भएपछि अन्तर्राष्ट्रिय कानुनको रुपमा स्वीकृत भयो। जसलाई नेपालले पनि अनुमोदन गरिसकेको छ।
वाल अधिकार सम्वन्धी महासन्धीका मुख्य चारवटा आधारभूत सिद्धान्तहरु छन् । यिनै चारवटा आधारभूत सिद्धान्तको जगमा यो महासन्धी बनेको हो र महासन्धीको कार्यान्वयनको
लागि यिनै सिद्धान्तहरुलाई मार्ग निर्देशकको रुपमा लिइन्छ। ती चार वटा आधारभूत सिद्धान्तहरु
निम्न अनुसार छन् : १. वालवालिकाको सर्वोत्तम हित , २. दीर्घ जीवन र विकास, ३. भेदभाव रहितता, ४. सहभागिता।
यस महासन्धीको धारा ३ मा के उल्लेख गरिएको छ भने, सबैले बालबालिकाहरु सँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनु पर्नेछ।
त्यस्तै धारा ३२(१)मा, राज्यपक्षहरुले आर्थिक शोषणबाट र हनिकारक खालको काम गर्नबट बालबालिकाको शिक्षामा दखल पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरुको शारिरीक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानी पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिनेछन् भनी उल्लेख गरिएको छ।

२००२ मा बालबालिका सम्बन्धि महासन्धीको अतिरिक्त प्रोटोकललाई पनि नेपालले अनुमोदन गरिसकेको छ। जस अनुसार नेपाल ले बालश्रम उन्मूलन गर्न तत्काल कार्य गर्नु पर्ने छ । सदस्य राष्ट्रले शिक्षाको महत्व बुझेर बालश्रम अन्त्य गर्नु पर्छ। त्यसै गरी आइ.एल.ओको महासन्धीले पनि बालश्रम निषेध गरेको छ। बाल अधिकार सम्बन्धी घोषणा पत्र, १९५९ को सिद्धान्त ९मा के उल्लेख भएको छ भने, न्यूनतम उमेर पुगेका बाहेक अन्य बालबालिकालाई कुनै पनि काममा लगाइने छैन।
२.३.२ राष्ट्रिय कानुन

नेपालले पनि बालबालिका सम्बन्धि महासन्धीको अनुमोदन गरिसकेपछि बालबालिका को हीतको लागि कानुन बनाउनु जरुरी रहेको छ। सोही क्रममा नेपालले पनि कानुनमा बालबालिकाको हीत हुने गरि व्यवस्था गरेको छ। यसै क्रममा बालश्रमको बारेमा पनि नेपालको थुप्रै कानुनले बोलेको छ।

नेपालको अन्तरिम संविधानको धारा २२(५) मा नै बालबालिका हकसम्बन्धि स्पष्ट व्याख्या गरिएको छ । कुनै पनि नाबालकलाई कुनै कल कारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी तथा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालबालिकालाई श्रम र माग्ने काममा लगाउन निषेध गरेको छ ।

त्यसै गरी बालबालिकालाई कल कारखाना, खानी वा यस्तै जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालबालिकालाई अन्य काममा लगाँउदा उनीहरुको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ जारी गरिएको हो भनी उक्त ऐनको प्रस्तावनामा उल्लेख भएको छ । समय सापेक्ष रुपमा बदलिँदो परिस्थितिलाई ध्यान राखी बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ ले नेपालका १६ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन निषेध गरेको छ । पालना नगर्नेलाई दण्डसजायको व्यवस्थाको साथै बालश्रम निवारण समिति र बाश्रम निवारण कोषको पनि प्रावधान रहेको छ । दफा ३ मा, १४ वर्ष उमेर पूरा नगरेको बालकलाई श्रमिकको रुपमा काम लगाउनु हुँदैन भनिएको छ र यस्तो काम गराउने र गर्न लगाउनेलाई ३ महिना कैद वा १०,००० जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था गरिएको छ । यस ऐन अनुसार यदि कुनै प्रतिष्ठानले बालबालिका (१६ वर्ष माथि) लाई काममा लगाउँछ भने सो प्रतिष्ठानले सम्बन्धित श्रम कार्यालय र अभिभावकसँग स्वीकृति लिनुपर्छ र विहान ६ देखि बेलुका ६ सम्म, ३-३ घण्टामा विश्राम दिएर मात्र काममा लगाउनु पर्छ भनि व्यवस्था गरेको छ, र यस्तो नगर्नेलाई दण्ड सजाय गर्ने व्यवस्था गरेको छ ।

त्यसै गरी, नागरिक अधिकार ऐन, को दफा १४ ले १४ वर्ष भन्दा मुनिको बालबालिकालाई फ्याक्ट्री, खानी, तथा अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ ।

भिखारी नियन्त्रण ऐन ले १६ वर्ष मुनीको बालबालिकालाई भिख माग्ने काममा लगाउन निषेध गरेको छ । यदि सो कार्य गरेमा ३ महिना कैद वा रु ७५ अथवा दुवै हुन सक्ने छ ।

कारागार ऐन को दफा १०(क) ले बन्दी बालबालिकालाई कुनै काममा लगाउन निषेध गरेको छ ।

नेपालको कानुन यदि नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानुनसँग बाझिए, सो अन्तर्राष्ट्रिय कानुन नै देशको कानुन भन्दा माथि हुने गरि लागू हुनेछ भनि सन्धि ऐन, दफा ९मा उल्लेख भएको हुनाले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धीहरु नेपालमा कानुन सरह लागु भएका छन् ।

## २.४ नेपालमा बाल श्रम र बाल अधिकारको वर्तमान स्थिती

विश्व मै विकराल समस्याको रुपमा बालश्रम उभिएको छ । बालबालिकाको विकास को अवरोधको रुपमा रहेको बालश्रमले बालबालिकाको विनाश मात्र गरिरहेको छ । नेपालको संविधान लगायत अन्य कानुनले बालश्रम निषेध गरेको छ र नेपालले बालश्रम नियन्त्रण गर्ने प्रबिद्धता सहित विभिन्न महासन्धी अनुमोदन पनि गरेको छ । तर व्यहारिक रुपमा ती कानुन र महासन्धी लागु भएका छैनन् । जतिसुकै कानुन भए तापनि नेपालको शहरी क्षेत्रमा बालश्रम निकै जल्दो रुपमा देख्न पाइन्छ । यहाँ कानुन भए तापनि अधिकारप्राप्त अधिकारी पनि मौन रहेका छन् । बाटोमा बालक खलासी भएको देखे तापनि कोही एक शब्द बोल्नेवाला छैनन् । बालअधिकार भनेको त कालो अक्षरमा केवल किताबमा र धनि वर्गको घरमा सीमित रहेको छ । गरीब सहाराबिहीन वर्गको लगि त को तयार छ र वकालत गर्न उनीहरुको अधिकार को ?

२०५८ को गणना अनुसार १४ वर्ष भन्दा मुनिका १७८०३ बालबालिका घरेलु श्रमिक रहेका छन् । बालश्रम सम्बन्धि राष्ट्रिय गुरुयोजना २०६३, श्रम तथा योजना मन्त्रालयको अनुसार नेपालको बालश्रमिकको स्थिति निम्न अनुसारको रहेको छ

बँधुवा = १३.५%

सडक बालबालिका = ३.१%
भरिया = ३६.२%
सहरी क्षेत्रमा घरेलु कामदार = ४३.८%
खानी = ०.१%
गलैंचा कारखाना = ३.२%
बेचिएका = ०.१%

नेपालमा ३५ जिल्लामा मात्र बँधुवा, बालभरिया, सडक बालबालिका, घरेलु बालश्रमिक, खानी र गलैंचामा कार्यरत बालबालिका ९० हजार १ सय रहेको पाइएको छ । ( बालश्रम सम्बन्धी राष्ट्रिय गुरुयोजना २०६३) बालश्रम सम्बन्धी राष्ट्रिय गुरुयोजना २०६३को उद्देश्य भने पहिलो पाँच वर्षमा सबै प्रकारका बालश्रमलाई उन्मूलन गरी बालबालिकाको शारीरिक, मानसिक तथा नैतिक विकासमा टेवा दिई उनीहरुका लागि उन्मुक्त, आनन्दमय न निर्विहत बाल्यकाल सुनिश्चित गर्ने र भविष्यमा योग्य र सिर्जनशील नागरिकका रुपमा विकसित हुने अवसर सिर्जना गर्ने रहेको छ तर यसको कार्यान्वयन पक्ष हेर्न बाँकी नै रहेको छ ।

नेपालमा हुने बालश्रमिकहरु उद्योग/कलकारखाना, खानी, खेती, घरेलु श्रम, पसलमा बिक्रेता, यातायात मा खलासी, भरिया, निर्माण कार्यमा, सडक बालबालिका, यौन श्रमिक, बँधुवा श्रमिक, सरकस, विज्ञापनमा प्रयोग हुने गरेको पाइन्छ । यस्तो श्रम गरिरहेका बालबालिका खोज्न त्यति गाह्रो पनि छैन जसलाई सरकार लगाएत अन्य संस्था मौन रहेर हेरिराखेको छ । गाह्रो, जोखिमपूर्ण र पट्यारलाग्दो खालका काम गरिरहँदा, केटाकेटी को शारीरिक तथा मानसिक विकास मै अवरोध आउने गर्दछ र यस्ता किसिमका श्रमको कारण वर्षेनी बालबालिकाहरु मृत्युको सिकार भएका छन् ।

२०६४ भाद्र २१ गते भएको राजनैतिक पार्टीको ऐक्यबद्धता मा बालश्रमको विरुद्धमा पनि ऐक्यबद्धता प्रकट भएको थियो । उक्त ऐक्यबद्धता मा नेताद्वारा हस्ताक्षरित पत्रमा के उल्लेख गरिएको छ भने, 'बालश्रम शोषण र सडक बालबालिका जस्तो जोखिम परिस्थितिका बालबालिकाको स्थिति सुधार गर्न उनीहरुलाई सो परिस्थितिबाट मुक्त गर्न, सो को रोकथाममूलक राष्ट्रिय कार्यक्रमको थालनी गर्नेछौं ।'

## २.५ विश्लेषण

यसरी माथि उल्लेखित कुराहरुको चर्चा गरिसकेपछि के विश्लेषण गर्न सकिन्छ भने, नेपालमा बालश्रमिकहरुको स्थिति दयनीय रहेको छ । कानुनी रुपमा बालश्रमिक नियन्त्रण भएको छ तर व्यवहार मा नियन्त्रित छैन । बाहिर निस्किएर हेरियो भने, जहीँ तहीँ बालश्रमिकले हामीलाई सेवा दिइरहेका हुन्छन् । कहाँ छ त हाम्रो कमजोरी ? २०६१ असार देखि २०६३ असार सम्म हेर्दा नेपालको सबै जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतमा एउटा मात्र मुद्दा बालश्रम शोषणको रहेको पाइन्छ, त्यो पनि सुर्खेत जिल्लामा । यसरी यो तथ्याङ्कले के प्रष्ट पार्छ भने, बालश्रम देख्ने व्यक्तिहरु मौन रहेका छन् । माथि उल्लेख गरे बमोजिम नेपालको ३५ जिल्लामा त्यति धेरै बालश्रमिकहरु रहेका छन भने त्यो देख्ने व्यक्ति तथा निकाय किन न्यायलयको ढोका ढक्ढक्याउँदैन ?

कतै कतै आफ्नो घरमा साना बालबालिकाले काम गर्नु पनि श्रम शोषण हो भन्ने गरेको पाइन्छ तर त्यो श्रम शोषण नभएर सामाजिकरण मात्र हो । तर सामाजिकरणको लक्ष्य नभई आर्थिक आर्जनको लागि यदि बालबालिकाको प्रयोग गरिन्छ भने चाँही त्यो शोषण नै हो ।

बाल मजदुर, बाल विवाह देखी देवी देवताका नाममा बालबालिकालाई चढाउने प्रथाको अन्त्यको लागि उपाय पहिल्याई सो अबलम्बन गर्न सरकारी, गैरसरकारी निकायलाई सहयोग गर्ने नीति सरकारले लिएको कुरा बालबालिका सम्बन्धि नियमावली, २०५१ मा उल्लेख भएको छ । तर यस नियमावलीमा उल्लेख भएको कुरा पनि विश्लेषण गर्दा किताबी पानामा मात्र सीमित रहेको देख्न पाइन्छ ।

बालश्रम निषेध तथा नियमित गर्ने ऐन को अनुसूचीमा उल्लेख गरिएका क्रियाकलापहरु पर्याप्त रुपमा स्पष्ट हुन सकेका छैनन् । साथै आई.एल.ओ. महासन्धी नं १८२ले इंगित गरेका कामहरु पनि समेत उल्लेखित छैनन् । सो

१८२ नं नेपालमा २००२ सालदेखि लागु भएको हो । अब सो नम्बर लागु भएपछि नेपालले आवश्यक संशोधन गरेर उल्लेख नभएका कार्यहरु पनि देशको ऐनमा राख्नु पर्ने देखिन आउँछ । नेपाल आइ.एल.ओ को सदस्य १९९६ मा र ९ संयन्त्र अनुमोदन गरिसकेको छ । यस सन्दर्भमा नेपालले बालश्रमको अन्त्य गर्न निकै प्रयास गरेर यसको निर्मूलता तर्फ अग्रसर हुनु जरुरी देखिन्छ । २००२ मा बालअधिकार सम्बन्धि महासन्धीको अतिरिक्त प्रोटोकललाई पनि नेपालले अनुमोदन गरिसकेको छ । जस अनुसार नेपाल ले बालश्रम उन्मूलन गर्न तत्काल कार्य गर्नु पर्ने छ । सदस्य राष्ट्रले शिक्षाको महत्व बुझेर बालश्रम अन्त्य गर्नु पर्छ ।

नेपालमा रहेका कानुनी व्यवस्थाको अध्ययन पछि यसमा रहेका कमजोरी पक्ष पनि देखिन्छ जुन निम्नानुसार छन् ।

- बालश्रमको परिभाषा नै अलि अन्यौल उत्पन्न गराएको छ । बालबालिका सम्बन्धि महासन्धी ले बालबालिका भनेर १८ वर्ष मुनिको व्यक्तिलाई भनेको भए ता पनि हाम्रो देशको कानुनले १४ वर्ष मुनिको व्यक्तिलाई बालक भनी परिभाषा गरेको छ ।
- जोखिमपूर्ण काम र वातावरण भनेको के हो भन्ने कुरा पनि साँघुरो रुपमा परिभाषित गरिएको छ ।
- बँधुवा श्रम निषेध गर्ने कानुनको अभाव रहेको छ ।
- बालश्रम प्रयोगकर्तालाई सजायमा कमि भएको देख्न पाइन्छ ।
- कानुनको परिधि कम रहेको छ जस्तै घरेलु श्रम, अनौपचारिक श्रममा कानुनको कुनै क्षेत्राधिकार छैन ।

त्यस्तै, बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ को दफा ४ ले बालबालिकालाई इच्छा विरुद्ध काममा लगाउन हुँदैन भनि उल्लेख गरेको छ, यदि इच्छा व्यक्त गरेमा भर्खर जन्मिएको बालकले पनि काम गर्न पाउँछ त ?

## ३.१ सारांस तथा सुझाव

बालश्रमलाई छुट्टै हेर्न मिल्दैन किनभने सो समस्या देशको आर्थिक, सामाजिक, राजनीतिक परिस्थिति सँगै जोडिएर आउँछ । बढ्दो सीमान्तकृतता, बेरोजगारी, भूमीहिन, अव्यवस्थित बसोबासले गर्दा पनि बालश्रम बढ्दो रहेको छ । गरीबी र बेरोजगारीले गर्दा अभिभावक स्वयम्ले पनि आफ्ना छोराछोरीलाई श्रमिकको रुपमा प्रयोग गर्दछन् । बालश्रमले गर्दा त्यो बालकको दुर्घटना हुने डर त हुन्छ नै त्यस बाहेक त्यो बालबालिका ले शिक्षा, स्वास्थ्य, मायाबाट बञ्चित हुन्छ र आफ्नो अधिकारबाट पनि वञ्चित हुन्छ ।

विद्यालय नजाने केटाकेटी मध्ये धेरैजसो घरेलु काममा तथा खेतीपाती तथा अन्य काममा लागेका छन् । यसरी बालश्रमिकहरु दिन रात श्रम गरेको देखिरहने ती सरकारका आँखाहरु अझ कति दिन अन्धो बनेको नाटक गरिरहन्छन् ? कति सम्म ती बालकहरुले टेम्पो, बसमा खलासी भएको र ती बालिकाले पलास्टिक टिपेको हेरेर बस्छ ? के सरकारले ती बालबालिकालाई आफ्नो नागरिक ठानेको छैन, कि आफ्नो दायीत्व बिर्सिएको छ ? के बालअधिकार भनेको कानुनको किताबमा मात्र सीमित रहेको हुन्छ त ?

बालश्रम भनेको हामी सबैको सरोकार हो । यसले भविष्यमा निकै ठूलो विकराल समस्याको रुप लिन सक्ने छ त्यसैले यसलाई सबैले हटाउनको निम्ति प्राथमिकतामा राख्नु आवश्यक छ । बालश्रम निरुपण गर्न सर्वप्रथम गरिबी निवारण गर्नु आवश्यक रहेको छ । बालश्रम निवारणको लागि अर्को हतियार शिक्षामा जोड दिनु हो तर शिक्षालाई साँघुरो परिभाषाको शिक्षा होइन, विद्यालय गएर मात्र हुँदैन त्यस्तो फराकिलो परिभाषाको शिक्षा दिइनुपर्छ जसले गर्दा बालबालिकाको नैतिकता, बानि व्यहोरा र सोच्ने तरिकामा परिवर्तन आउँछ ।सरकारले आफ्नो नीतिमा पनि बालश्रम अन्त्य गर्न स्रोत परिचालन गरी निश्चित कार्यक्रमहरु ल्याउनु पर्छ । समाजमा बालश्रम विरुद्ध सचेतना गरिनुपर्छ र बालविकास गतिविधिले पनि निकै ठूलो भूमिका खेल्न सक्दछ । घरेलु तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई कानुनको परिधिभित्र ल्याउनुपर्छ र दण्ड सजायमा पनि वृद्धि गर्नुपर्छ । बालश्रम भनेको अपराध हो भन्ने कुरा बुझेर बालश्रम शोषण भएको देख्ने जो कोही पनि न्यायलयको ढोकातर्फ जानु पर्छ । विद्यालयस्तर मा बाल अधिकार को विषय व्यापक रुपमा पढाइनु पर्छ र बालश्रम भनेको अपराध हो र यसले समाजलाई ठूलो नोक्सान पुऱ्याउँछ भन्ने सिकाइनुपर्छ । साथै बालश्रमको अन्त्यको लागि राजनैतिक प्रतिबद्धता अत्यन्त जरुरी रहेको छ ।

सन्दर्भ सामाग्री

नेपालको संविधान २०४७,
बालबालिका सम्बन्धी ऐन, २०४८
बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
बालबालिका सम्बन्धी महासन्धी, १९९०
http://www.unicef.org
http://www.ilo.org/kathmandu
http://www.cwin.org